नेपाल सरकार

पूर्वाधार विकास मन्त्रालय

सहरी विकास तथा भवन निर्माण विभाग

# बसन्तपुर नयाँ शहर आयोजना कार्यालय, तेह्रथुम

## चार चक्के हलुका सवारी साधन (SUV) भाडामा उपलब्ध गराउने कार्य सम्बन्धी शिलबन्दी दरभाउपत्रको सुचना

दरभाउ पत्र नं.-NTPO/BST/SQ/Service/01/01-2083/084

(प्रथम पटक प्रकाशित मितिः २०८३।)४।२८)

१) बसन्तपुर नयाँ सहर आयोजना कार्यालय, तेह्रथुमका लागि राम्रो कन्डिसनमा रहेको १ (एक) वटा चार चक्के गाडी ११ महिनाको लागि भाडामा लिनु पर्ने भएकोले उक्त कार्यका लागि इजाजत प्राप्त भएका र नियमानुसार तिर्नु पर्ने कर चुक्ता गरेका फर्म तथा निजी सवारीधनीहरु बाट रितपूर्वक शिलबन्दी दरभाउ-पत्र आह्वान गरिन्छ।नेपाल बैंक लिमिटेड, म्याङलुङ तेर्हथुम शाखामा रहेको यस आयोजना कार्यालयको प्रयोजनको लागि राजश्व शिर्षक १४२२९, खाता नं. ००१०१००००००००१००१००१, कार्यालय कोड ३३७०६०५०१ मा तोकिए बमोजिमको रकम जम्मा (पछि फिर्ता नहुने गरी) सो को सक्कल भौचर, सवारी नविकरण भएको प्रमाण-पत्र, कर चुक्ता प्रमाण-पत्रको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी संलग्न गरी मिति २०८३।०५।०३ गते भित्र यस आयोजना कार्यालयमा कार्यालय समयमा शिलबन्दी दर-भाउपत्र फाराम प्राप्त गर्न सकिने छ।

२) शिलबन्दी दर-भाउपत्र फाराम २०८३।०५।०४ गते दिनको १२:०० बजे भित्र बसन्तपुर, तेह्रथुम स्थित यस आयोजना कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ।प्राप्त शिलबन्दी दर-भाउपत्रहरु सोही दिन दिनको १३:०० बजे यस आयोजना कार्यालयमा शिलबन्दी बोलपत्रदाताको उपस्थितिमा (उपस्थिति नभएपनि) खोलिने छ।

३) फाराम बिक्री गर्ने अन्तिम दिन वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा विक्री तथा दर्ता कार्य सो को भोलिपल्ट उपरोक्त समय अनुसार नै हुनेछ।उल्लिखित कार्यहरु सम्बन्धी बिस्तृत विवरणहरु र बोलपत्रका शर्तहरु बोलपत्र फाराममा उल्लेखित भए बमोजिम हुनेछ।बोलपत्र साथ देहाय बमोजिमको जमानतको लागि नेपाल बैंक लिमिटेड, म्याङलुङ तेर्हथुम शाखामा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय, तेह्रथुमको नाममा रहेको खाता नं. ०५४०१००००००२००३००००००१मा नगद जम्मा गरेको सक्कल भौचर वा उक्त रकम बराबरको नेपाल स्थित मान्यता प्राप्त 'क' बर्गको वाणिज्य बैंकले जारी गरेको कम्तिमा ७५ दिनको म्याद भएको बैंक ग्यारेन्टी समाबेश गर्नुपर्ने छ।

| सि.नं. | शिलबन्दी दर-भाउपत्र नं | कार्य विवरण | दरभाउ-पत्र दस्तुर | बोलपत्र जमानत रकम रू. | ल.ई. रकम (कर बाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | NTPO/BST/SQ/Service/ 01/01-2083/084 | चार चक्के हलुका सवारी साधन (7 Seater SUV) भाडामा उपलब्ध गराउने कार्य | १०००।०० | २५,०००।०० | ९,३८,७२०।७५ | |

४) विस्तृत जानकारीको लागि यस कार्यालयको कार्यालय समय भित्र कार्यालयमा वा फोन ०२६-४०२१२२ मा सम्पर्क गर्न सकिने छ।

**आयोजना प्रमुख**